नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक ७ | २०७७ साल साउन ८ गते बिहीबार (23 July 2020 Thursday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : जोखिममा छ राजविराज ... ३ पृष्ठमा : मिथिलामा मधुश्रावनी ... ३ पृष्ठमा :विश्वमा कोरोना भाइरस ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## स्वास्थ्यकर्मीदेखी संक्रीमित मृतक र आफन्तको सम्पर्कमा आएकाहरुमा पनि कोरोना

# राजविराजका १३ जनासहित १४ जना कोरोना संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, ७ साउन ।**

सप्तरीमा बुधबार १४ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । गत बिहीबार मृत्यु भएका राजविराज ६ निवासी ७३ वर्षिय एक व्यवसायीको सम्पर्कमा आएका १० जनासहित १४ जनामा कोरोना संक्रमणको पुष्टि भएको हो ।

मृत्यु भएका व्यावसायीका परिवारलगायत उनको सम्पर्कमा आएका २२ जनामा बुधबार साँझसम्म कोरोना संक्रमणको पुष्टि भएको र योसँगै जिल्लामा संक्रमितको संख्या ४ सय ४ पुगेको स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

पछिल्लो पटक गजेन्द्र नारायणसिंह अस्पताल हाताभित्र संचालित पोषण गृहकी एक महिला स्वास्थ्यकर्मीसहित राजविराज नगरपालिका वडा नं. २, ३, ६ र ७ का ६ महिला तथा ६ पुरुष तथा जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकाका एक पुरुष गरि १४ जनामा कोरोना संक्रमण पुष्टि भएको प्रमुख यादवले बताए । संक्रमित हुनेहरुमा गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत एक जना सफाईकर्मी पनि रहेका छन् ।

यता मृतकको सम्पर्कमा आएका तथा मृतक परिवारसँग भेटघाट गर्न गएकाहरुमा समेत ठूलो संख्यामा संक्रमणको पुष्टि भएपछि राजविराजमा खैलाबैला मच्चिएको छ । कममात्रामा परिक्षण भएपनि जिल्लामा हालसम्म ४ सय ४ जना संक्रमण देखिसकिएको र दिनहुँ संक्रमित फेला पर्न थालिएपछि पिसिआर परिक्षणको दायरा बढाउन र लकडाउनमा कडाई गर्न स्थानियले माँग गरेका छन् ।

यता गजेन्द्र नारायण सिंह अस्पतालका सफाइकर्मी तथा सोही अस्पताल हाताभित्र संचालित पोषण गृहका स्वास्थ्यकर्मीमा समेत संक्रमण पुष्टि भएपछि अस्पताललाई सेनिटाइन र पोषण गृहलाई सिल गर्ने तयारी थालिएको स्थानिय प्रशासनले जानकारी दिएको छ ।

यस्तै संक्रमित पुष्टि भएका एक दम्पत्तिकी छोरी सनराईज बैंकमा कार्यरत रहेकाले उक्त बैंक पनि सिल गरिएको छ । पछिल्लो दुई दिनमा संकलित २ सय ५१ जनाको पिसिआर रिपोर्ट आउन अझै बाँकी रहेको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख

*बाँकी अन्तिम पृष्ठमा*




# राजविराजमा आजदेखी अनिश्चितकालिन निषेधाज्ञा जारि



**दैनिक समाचारदाता**
**राजविराज, ७ साउन ।**

कोरोना समुदायमा फैलिने सम्भावना बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय सप्तरीले राजविराज नगरपालिका क्षेत्रमा बिहीबार बिहान ५ बजेदेखी अनिश्चितकालिन निषेधाज्ञा जारि गरेको छ ।

दैनिक कोरोना संक्रमित फेला पर्दै गएपछि बुधबार प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सो निर्णय गरेको हो ।

बैठकपछि जारि गरिएको निषेधाज्ञा बारे सूचनामा राजविराज नगरपालिकामा कोरोना संक्रमणले एक जनाको मृत्यु तथा हालसम्म ४ सय ४ जनामा संक्रमण देखिएकाले समुदायमा कोरोना फैलिन नदिन निषेधाज्ञा जारि गरिएको उल्लेख गरिएको छ ।

स्थानिय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रमक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिका भरी जारि निषेधाज्ञाको पालना गर्न समेत सूचना मार्फत आग्रह गरिएको छ । उक्त आदेशको उलंघन गर्ने व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिने जनाइदै अत्यावश्यक सेवा बाहेकका अन्य सेवा स्थालहरुमा अनावश्यक आवतजावत, हिडडुल नगर्न समेत सचेत गराइएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# संक्रमण फैलिन नदिन सतकर्ता अपनाऔं

कोरोना भाइरसका कारण मुलुकभर गत चैत ९ गते गरिएको लकडाउन साउन ७ गतेदेखी समाप्त भएपनि सप्तरी सदरमुकाम राजविराजमा भने लकडाउन पुनः जारि रहेको छ । राजविराजस्थित एक व्यापारीको कोरोनाकै कारण मृत्यु भएपछि उनको सम्पर्कमा आएका व्यक्तिहरुमा समेत धमाधम कोरोना संक्रमणको पुष्टि भएपछि स्थानिय प्रशासनले निषेधाज्ञा जारि गरेको हो । यसरी समुदायस्तरमा संक्रमण फैलिन नदिन र यसलाई नियन्त्रण गर्ने उद्देश्यले निषेधाज्ञा जारि गरिएको जनाइएको छ ।

यसरी एक व्यक्तिको असावधानीका कारण समुदायमै संक्रमण फैलिन नदिने सम्भावनालाई ध्यानमा राख्दै नगरवासीले यसलाई पालना गर्न उत्तिकै जरुरी छ । यसले नगरवासीकै भलो हुने र अरुलाई संक्रमण हुनबाट बचाउँछ ।

तसर्थ कोरोना महामारीलाई हल्का रुपमा नलिई यसबाट बच्न र अरुलाई पनि बचाउन सावधानी र सतर्कता अपनाउनु अहिले आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जोखिममा छ राजविराज
# सावधान ! लकडाउनको पूर्ण पालना गरौं



**अमरनाथ मण्डल**

सम्पूर्ण कोरोना भाइरस कोभिड-१९ को प्रकोपबाट जोखिममा रहेको अवस्थामा विश्वको संकट परिस्थितिले मानव जाति र मानव सम्भयता माथि ठूलो विपत्तीको बेला रहेको छ । नेपालमा केही दिन यता देखि कोरोना भाइरसको प्रकोप उच्च रुपमा बढिरहेको सन्दर्भ लिएर चार महिना जति लकडाउन रहेतापनि केही समय पूर्व शान्त रहेका सप्तरी जिल्ला खासगरी राजविराज अहिले कोरोना भाइरसको जोखिम बढेपछि पूर्ण रुपमा संकटको परिस्थितिबाट गुज्रिरहेका राजविराज छन् । केही दिन पूर्व यता सप्तरीका एक वृद्ध व्यापारी आफ्नो श्रीमती सहितको उपचार गराउन भारत गए पश्चात भारतबाट फर्केपछि उहाँको स्वास्थ्य बिग्रेपछि उपचारको लागि धरान स्थित विपि कोइराला विज्ञान प्रतिष्ठानमा उपचार गराउने क्रममा कोरोना भएको पुष्टि भएपछि सोही दिन पुष्टि भए लगतै चार-पाँच घण्टामै उहाँको मृत्यु भएपछि सप्तरी जिल्लामा खैलाबैला मचियो ।

व्यापारीको मृत्युपछि शंकास्पद व्यक्तिहरुले भाइरको चेकजाँच गराउँदा राजविराज भित्र नै निकै मात्रामा भाइरस पीडित संक्रमण रोगीहरु पुष्टि भई रहेका छन् । मंगलबार पाँच जनामा पुष्टि भएको कोरोना बुधबार गजेन्द्र नारायण सिंह अस्पतालमा पिसिआर गराउँदा १४ जनामा कोरोना भेटेपछि राजविराज नगरक्षेत्रमा नै कोरोनाको प्रकोप बढेर गएका छन् । उता सय भन्दा बढी स्वाव टेष्ट विराटनगर र धरान चेक जाँचको लागि पठाएको तर बुधबारसम्म सोको रिपोर्ट नआएको सम्बन्धित निकायहरुले जानकारी दिएपनि सप्तरी जिल्लामा कोरोनाको प्रकोप झन् बढेर गएको देखिन्छ भने सचेतनाको अभावको कारणले गर्दा अझै मान्छेहरु यस भाइरसबाट पिडादायी संकटबाट गुज्रनु पर्ने अवस्था देखिन्छ । राजविराज क्षेत्रमा बुधबार देखि पूर्ण रुपमा नगरपालिकाको पहलबाट लकडाउन लगाएको अवस्थामा लकडाउनको पालना गर्नु परै जाओस् कतिपय पसलहरु खोली व्यापार गरिरहेको तथा सडकहरुमा बिना मास्कको प्रयोग गरी हिडिरहेको अवस्थाले राजविराजलाई संकटमा पुऱ्याउने निश्चित देखिन्छ ।


आतेर होइन, संयमतापूर्वक धैर्यताको साथ लकडाउनको पूर्ण पालना केही दिन गर्नुपर्ने बाध्यता रहेकोले राजविराजका नगरबासीहरु पूर्ण रुपमा लकडाउनको पालना गर्नुपर्ने आफ्नो कर्तव्यलाई पालना गर्छ भने विश्वास राजविराज नगरपालिका स्थानीय प्रशासन तथा स्वास्थ्य क्षेत्रहरुले लिईरहेको अवस्थामा आफ्नो स्वास्थ्यको आफै ख्याल गरी त्यस्तो विकटको घडीमा धैर्यतापूर्वक सावधानी अपनाई कोरोना भाइरसको जोखिमबाट बच्नको लागि अपनाउनुपर्ने सामाजिक दुरी साबुन पानीले हात धुनु, सेनिटाइजरको प्रयोग अनावश्वक रुपमा घरबाट ननिस्कनु, अनिवार्य मास्क लगाउनु, शंका लागेपछि स्वास्थ्य चौकी तथा अस्पतालमा तुरुन्त सम्पर्क गर्नु, ज्वरो आएपछि सावधानीपूर्वक अरुहरु भन्दा टाढै बस्नु तथा नगरभित्र हिडडुललाई पूर्ण रुपमा सनयम भई बन्देज लगाउनुले गर्दा आफू र आफ्नो परिवार तथा नगरलाई, समाजलाई यस्तो जोखिमको बेला बचाउन सकिन्छ ।

राजविराज नगर क्षेत्र पूर्ण रुपमा जोखिममा रहेकोले नगरका व्यापारीहरु आफ्नो आफ्नो बन्द गरी जनहितको लागि आफ्नो स्वास्थ्यको लागि जनचेतना अधियानहरुलाई तिब्रताका साथ आफू सुरक्षित रही अगाडी बढाउनुपर्छ । जिल्लामा रहेका सरकारी तथा गैरसरकारी निकायहरु तदरुपताका साथ सावधानीपूर्वक लकडाउनको पालना गराउनुपर्ने जनचेतना अभियानलाई तिब्रताका साथ अगाडी बढाउनुपर्छ । स्थानीय जनप्रतिनिधि वडा देखि नगरसम्म प्रतिनिधिहरु आफू सुरक्षित रही जनचेतनालाई सक्रियताका साथ युद्ध स्तरमा अगाडी बढाउनुपर्ने अवस्था देखिन्छ । नगरका व्यापारीहरु, बुद्धिजिवीहरु, सामाजिक संघ संस्थाहरुको प्रतिनिधिहरु सक्रियताका साथ कोरोना नियन्त्रणको लागि कार्यक्रमहरु सुरक्षितभई तदरुपताका साथ अगाडी बढाउनुपर्छ ।

स्थानीय प्रशासनको सहयोग पनि पूर्ण रुपमा आवश्यक देखिएको अवस्थामा लकडाउनलाई कडा रुपमा पालना गर्न स्थानीय प्रशासनको अहम् भुमिका खेल्नुपर्ने अवस्थामा स्थानीय प्रशासनहरुको सक्रियतामा कमि देखिएको अवस्थाले लकडाउनको पालनामा बाधकसिद्ध हुने देखिन्छ । तसर्थ सप्तरी जिल्ला भित्र रहेका स्थानीय जनप्रतिनिधि प्रदेश जनप्रतिनिधि र संघीय जनप्रतिनिधिहरुले आपतकालिन बैठक राखी राजविराज नगरपालिका भित्र देखिएका कोरोनाको प्रकोपको नियन्त्रण तिर तदरुपताका साथ सक्रिय भई युद्ध स्तरमा रोकथाम नियन्त्रणको लागि पहल गर्नुपर्ने देखिन्छ । कोरोनाको चेक जाँचको लागि प्रयाप्त व्यवस्था मिलाउनुपर्ने स्थानीय सरकार र प्रदेश सरकारले राजविराज नगरपालिका भित्र अधिकांश नागरिकलाई चेकजाँच हुनुपर्ने जस्तो व्यवस्था मिलाउनुपर्छ । त्यसको लागि पिसिआर चेकको किटहरु प्रयाप्त मात्रामा व्यवस्थापन गरी चेकजाँच स्तरलाई अगाडी बढाउनुपर्छ । आरडीटि चेकलाई पनि पूर्णरुपमा नियन्त्रण र सक्रियताको साथ अगाडी बढाउनुपर्छ । स्वास्थ्यकर्मीहरुलाई पनि सुरक्षितको लागि प्रयाप्त साधनश्रोतको व्यवस्था मिलाउन पहल गर्नुपर्छ ।

नगरक्षेत्र भरि प्रत्येक दिन जनचेतनाको लागि म्याकिङ्ग गरी सर्वसाधारणहरुलाई आफ्नो घरमा बसी लकडाउनको पालना गर्नुपर्ने जनचेतना जगाउनुपर्छ । नगरको सचेत नागरिकहरु आफ्नो स्तरबाट जनचेतना जगाई लकडाउनको पूर्ण पालन गर्नका लागि खबरदारी अभियानहरु संचालन गर्नुपर्छ । खबरदारी अनुसार वडा वडा बाट युवा शक्तिहरुले पनि सामाजिक हितको लागि लकडाउनको पालना गराउनुपर्ने तदारुपता देखाउनुपर्छ । सडकमा तिन जना लिएर एकै ठाउँमा जम्मा हुने गरी सिटी रिक्साहरुमा बसाई हिड्ने गरेको अवस्था पनि जोखिम देखिएको छ । त्यसै कारण नगर क्षेत्र भित्र चलाई रहेको सिटी रिक्साहरु बन्द गर्नुपर्छ । नगरपालिकाबाट किटनाषशक औषधीहरु तथा सेनिटाइजरयुक्त झोलहरु नगर क्षेत्र भित्र छिडकाउ गर्नुपर्छ । कोरोना भाइरस पिडित व्यक्तिहरुलाई आईसोलेसनहरुमा उचित उपचारको लागि व्यवस्थापन गरी पूर्ण रुपमा भाइरस प्रकोपहरुको हौसला बढाउनुपर्ने संचारमाध्यमहरु जनचेतनाको अभियानलाई प्रत्येक दिन आफ्नो संचारमाध्यमहरुमा प्रसार गर्नुपर्ने नगरभित्र रहेका फोहोरहरु नियमित रुपमा नगरपालिकाले तदरुपताका साथ व्यवस्थापन गर्नुपर्छ । हाट बजारहरुमा अहिले पनि जमघट हुने गरेको अवस्थालाई हेरी स्थानीय प्रशासन तथा नगरका कर्मचारीहरुलाई जमघट हुन नदिन व्यवस्थापन पक्षलाई बलियो बनाउनुपर्छ ।

स्वास्थ्यकर्मी लगायत कोरोना क्षेत्रमा नियन्त्रण रुपमा आफ्नो जिम्मेवारीलाई बहन गरिरहेको अवस्थामा उनीहरुको स्वास्थ्यप्रति समेत ध्यान दिई अगाडी बढ्नुपर्छ । यी यावन समास्याहरुलाई तदरुपताका साथ समाधानको लागि निकासहरु अगाडी बढाउनुपर्छ । सबभन्दा महत्वपूर्ण कुरा स्थानीय जनप्रतिनिधिहरु तथा स्थानीय जनसमुदायहरु राजविराज नगर क्षेत्र भित्र कोरोना नियन्त्रणको लागि पूर्ण रुपमा एउटा अभियानको साथ अगाडी बढ्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्ने नै सप्तरीको लागि तथा राजविराज नगरपालिकाको लागि कोरोना नियन्त्रणको प्रयास हुनेछ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

प.सं. २०७७/०७८ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

मिति :- २०७७/०४/०७

**जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञा ।**

विश्वका धेरै मुलुकहरूमा माहामारीको रूपमा विस्तार भईरहेको नोभेल कोरोना भाईरस (COVID-19) को संक्रमणबाट सप्तरी जिल्लामा हाल सम्म ४०४ जनामा संक्रमण देखिएको र संक्रमित मध्ये राजविराज नगरपालिकामा १ जनाको मृत्यू समेत भईसकेको परिप्रेक्ष्यमा सजगता अपनाउन, संक्रमणको बिस्तारलाई रोक्न तथा सचेतनामूलक र प्रबन्धनात्मक कार्यहरू गर्न जरूरी छ । सोही सन्दर्भमा कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिन तथा यसबाट प्रतिकूल प्रभाव पर्न सक्ने कुनै किसिमको गतिविधि हुन/गर्न नदिन नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरू जस्तैः औषधि पसल, खाद्यान्न, फलफुल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य केन्द्र संचालन सम्बन्धी सेवा, मालसामान ओसारपसार गर्ने तथा निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायात, सरकारी छापाखाना, संचार सेवा, बैंकिङ्ग सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी संचालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डार र वितरण, फोहोरमैला संकलन तथा ढुवानी, विद्युतीय सेवा, कृषिजन्य कार्य तथा कृषि तथा पशुजन्य उत्पादन, ढुवानीमा प्रयोग हुने साधन वर्कशप जस्ता अत्यावश्यक सेवाहरू बाहेकका अन्य सेवा/स्थलहरू अनावश्यक आवत जावत, हिंडडुल मिति २०७७/०४/०८ गते बिहान ५ बजे देखि अर्को आदेश नभए सम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिका भरी नगर्न/नगराउन हुन जिल्ला सुरक्षा समितिको मिति २०७७/०४/०७ गतेको निर्णय बमोजिम यो निषेधाज्ञा जारी गरिएको छ । उक्त आदेशको उल्लंघन गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाही गरिने ब्यहोरा समेत सूचित गरिन्छ । साथै माथि उल्लेखित अत्यावश्यक सेवा अन्तर्गतका कार्यहरू समेत तोकिए बमोजिमका स्वास्थ्य सुरक्षा सतर्कता सम्बन्धी मापदण्डहरूको पूर्ण पालना हुने गरी मात्र गर्न/गराउनु हुन, अन्यथा प्रचलित ऐन, नियम, कानून बमोजिम कारबाही भई जाने ब्यहोरा समेत जानकारी गराइन्छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी

# मिथिलामा मधुश्रावनी पर्वको रौनक

जनकपुर, ७ साउन (रासस) ।

मिथिलाञ्चलमा मधुश्रावणी पर्वको रौनक छाएको छ । धार्मिक एवम् सांस्कृतिक पहिचान बोकेका यो पर्वलाई नवविवाहिताले अपार श्रद्धाका साथ उल्लासमय वातावरणमा मनाइरहेका कारणले रौनक छाएको हो ।

मौना पञ्चमी तिथिबाट शुरु भई साउन कृष्णपक्षको तृतीया तिथिमा विधिवतरुपमा यो पर्व बिहीबार सम्पन्न हुनेछ । यस पर्वका अवसरमा लगातार तेह्र दिनसम्म दाम्पत्य जीवन सुखमय बनाउन र पतिको दीर्घायूको कामनाका साथ विभिन्न देवीदेवताको पूजा गरिन्छ । खासगरी, अराध्यदेव महादेवकी अर्धाङ्गनी गौरीको विशेष पूजा हुने गर्दछ ।

यस पर्वको अवधिमा नवविवाहिताले प्रतिदिन अपराह्नको समयमा टोलमा भ्रमण गरी भोलि गर्ने पूजाका लागि फूल टिप्छन् । सो बासी फूलबाट पूजा गर्ने नियम रहेको छ । नवविवाहिता आआफ्ना सङ्गिनीको साथ फूल टिप्ने गर्छन् । यसलाई ‘फूल लोढ्न’ विधि भनिन्छ । विवाह भएको पहिलो साउन महिनामा मनाइने गरिएको यस पर्वको मुख्य उद्देश्य दाम्पत्य जीवनलाई सुमधुर एवं सुखमय बनाउनुनै हो । यो पर्वको धार्मिक एवं सांस्कृतिक महत्व आफ्नो ठाउँमा जेजस्तो भए पनि पत्नीको जिम्मेवारी, कर्तव्य, ससुरालीमा बसाईको क्रममा निर्वाह गर्नुपर्ने भूमिका र पारवारिक दायित्व साथै पतिव्रत धर्मलगायतका विषयमा जानकारी गराइन्छ ।

धार्मिकग्रन्थमा उल्लेख गरिएका पतिपत्नी, सन्तानको लालनपालन सम्बन्धित कथा सुनाएर सोअनुरुप पारवारिक सम्बन्धलाई प्रगाढरुपमा बलियो बनाउन र जिम्मेवारीको बोध गराउनका लागि एक किसिमको तालीम प्रदान गर्नु नै यस पर्वको मुख्य उद्देश्य देखिन्छ ।

लगातार १३ दिनसम्म चल्ने यस पर्वमा विभिन्न देवीदेवताको कथा सुनाउने गरिन्छ । टोलभरका महिला नवविवाहिताका साथ पूजास्थलमा बसेर कथा सुन्ने गरिन्छ । यस पर्वका विभिन्न कथाको सम्बन्धमा जानकार महिलाले शिक्षिकाको भूमिका निर्वाह गर्दै विधिपूर्वक पूजा गराउनुका साथै कथा उदाहरणसहित श्रवण गराउने गरिएको अमिता झा बताउनुहुन्छ ।

यस पर्वको पहिलो दिनमा नवविवाहिताले मौना पञ्चमीको कथा र विसहराको जन्मको कथा श्रवण गर्छन् । सर्पदंशबाट पतिका साथै परिवारको रक्षाका लागि नागनागिनको पूजा गरी पर्वको शुभारम्भ गर्छन् । त्यसपछि, क्रमिकरुपमा दोस्रो दिन महादेवको मानसपुत्री बिहुलाको कथा, बिसहरा कथा, मङ्गला- गौरीको कथा र तेस्रो दिन पृथ्वीको जन्म र समुद्र मन्थनको कथाको सम्बन्धमा विस्तारमा जानकारी गराइन्छ ।

त्यसपछि, चौथो दिन सतिको कथा, कुमरव्रता र पतिव्रता कथा, दन्त्य कथामा आधारित महादेवको पारवारिक कथा, छैंटो दिन गङ्गाकी कथा, गौरीकी जन्म, सातौं दिन गौरीकी तपस्या र आठौं दिन गौरीको विवाहको कथा श्रवण गराइन्छ ।

त्यस्तै, नवौं दिन गौरीकी माता मैनाकी मोह भङ्गको कथा, दशौं दिन कात्तिक र गणेशको जन्म, एघाऔं दिन सन्ध्याको विवाह र लिलीको जन्म, विवाह, पतिव्रता सुकन्याकी कथा, बाह्रो दिन बाल-वसन्त, गोसाउनीको कथा र तेह्रो दिन राजा किरकको कथा र गणेशद्वारा सोहाग मन्थन र वितरणको सम्बन्धमा विस्तृतमा बताइन्छ ।

यो पर्व मनाउनका लागि नवविवाहिताको ससुरालीबाट कोसेलीका साथै पूजाको सामग्री पठाइन्छ । यसका साथै, नवविवाहिताको नयाँ बस्त्र, चामल, मिठाइ, बदामलगायत सामग्रीका साथै पकवान र बिसहरा पूजाका लागि माटोको कलात्मक पञ्चमुखी नागनागिन पनि पठाइन्छ । यसका साथै दुल्हाको घरबाट नवविवाहिताकी आमा, दिदी, बहिनी, काकीलगायत परिवारका सम्पूर्ण महिलाका लागि पनि नवबस्त्र उपहारको रुपमा कोसेलीको रुपमा पठाउने गरिन्छ ।

मधुश्रावनीका दिन गाउँभरका आफ्ना जातका साथै आफन्तलाई दुल्हाका पक्षबाट दुल्हीको घरमा पुगेर आफ्नो तर्फबाट भोज खुवाउने गरिन्छ । सो भोजमा आधिकारिकरुपमा महिलालाई मात्रै निम्तो गरिन्छ । मैथिल समुदायको यो एकमात्र महिलाको अधिकारिक भोजको रुपमा चिनिन्छ । यो पर्व मैथिल समुदायको ब्राह्मण, कायस्थ, व्यास र स्वर्णकार जातिका नवविवाहित महिला अनिवार्यरुपमा मनाउने गरिन्छ । यसका साथै यी जातकी सधवा महिला पनि मधुश्रावणी पर्वका दिन पूजापाठ गरी पतिको दीर्घायूको लागि दिनभर उपवासमा बसेर पर्व मनाउँछन् ।

मधुश्रावणी पर्वका दिन अनिवार्यरुपमा नवविवाहिता आफ्ना पतिका साथ पूजामा बस्ने गर्छन् । पूजा सम्पन्न भएपछि महिलालाई भोज खुर्वापछि विधिवत्रुपमा पर्व सम्पन्न हुन्छ ।

# सडक कालोपत्र र ढलानलाई प्राथमिकता दिँदै स्थानीय तह

लहान, ७ साउन (रासस) ।

सिरहाका स्थानीय तहहरुले ग्रामीण क्षेत्रलाई शहरसम्म जोड्ने सडक कालोपत्र र ढलान गर्ने योजनालाई प्राथमिकता दिन थालेका छन् ।

विगत वर्षमा अधिकांश सडकमा माटो ग्राभेलको योजनालाई प्राथमिकता दिँदै आएका सिरहाका स्थानीय तहहरुले आर्थिक वर्ष ०७६/०७७ देखि सडकलाई पक्की र कालोपत्र गर्ने योजनालाई प्राथमिकता दिन थालेका हुन् । सडक सञ्जाल निर्माण गरेर ग्रामीण क्षेत्रबाट शहरसम्म पुग्न घण्टौं लाग्ने नगरवासीको समस्यालाई दीर्घकालीनरुपमा समाधान गर्दै आवतजावतमा सहजता ल्याउने उद्देश्यले सडक कालोपत्रे र पक्की बनाउने योजनालाई प्राथमिकता दिएको स्थानीय सरकारका प्रमुखले बताएका छन् ।

लहान नगरपालिका, धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका, मिर्चैया नगरपालिका र सुखीपुर नगरपालिकाले नगरक्षेत्रका सडकमा कालोपत्र र ढलान गर्ने योजनालाई प्राथमितामा राखेर काम अघि बढाएका छन् । जनसङ्ख्या र वडाको दृष्टिकोणले सिरहाको सबैभन्दा ठूलो नगरपालिका लहान नगरपालिकाले ग्रामीण भेगलाई लहान बजारसँग जोडिएका आधा दर्जन सडकलाई कालोपत्र र ढलान गर्ने योजनालाई अघि बढाएको लहान नगरपालिकाका प्रमुख मुनी साहले बताउनुभयो ।

कूल २४ वडा रहेको लहान नगरपालिकाको दक्षिणी भेगमा पर्ने वडा नम्बर १९, २०, २१, २२ र २३ का जनतालाई सहज र कम समयमा लहान बजारसम्म पुग्ने सडक निर्माण तीव्ररुपमा भइरहेको नगरप्रमुख साहको भनाइ छ । यस्तै नगरपालिकाको उत्तरी भेगका पर्ने वडा नम्बर १५, १६, १७ र १८ लाई लहान बजारसँग जोड्ने सडकलाई वडास्तरीय बजेटबाट पक्की गर्न ढलानको कामसमेत अघि बढाइएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको उत्तरी पश्चिम क्षेत्रमा पर्ने वडा नम्बर १३ र १४ को १० किलोमिटर सडकमा कालोपत्रे भइरहेको र करिब चार किलोमिटर सडक कालोपत्र सकिएको छ । बाँकी सात किलोमिटर सडकमा छिट्टै कालोपत्र सकिने र ठूलो वडाको रुपमा रहेको वडा नम्बर २४ लाई उद्योगग्राम र पर्यटकीय क्षेत्र जोड्ने सडक निर्माणका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल भइरहेको नगरप्रमुख साहले जानकारी दिनुभयो ।

लहान नगरपालिकासँगै जोडिएको धनगढीमाई नगरपालिकाले पनि नगरक्षेत्रको सडकलाई कालोपत्र गर्ने योजनालाई तीव्रता दिएको छ । धनगढीमाई नगरपालिकाले ग्रामीण क्षेत्रलाई बजारसम्म जोड्ने करिब २५ किलोमिटर सडकमा कालोपत्र गर्ने कार्य भइरहेको नगरप्रमुख हरिनारायण चौधरीले बताउनुभयो । सडक कालोपत्र र ढलान गर्ने योजनालाई प्राथमिता दिएको गोलबजार नगरपालिकाले पनि अहिले नगरक्षेत्रका करिब ३२ किलोमिटर सडकमा कालोपत्र र ढलानको काम सकिएको जनाएको छ ।

छिमेकी तीन स्थानीय तहले सडक सञ्जाल कालोपत्र र पक्की बनाउने कार्यलाई प्राथमिकता दिएपछि सुखीपुर नगरपालिकाले पनि गाउँलाई बजारसँग जोड्ने १३ किलोमिटर सडकमा कालोपत्र र तीन किलोमिटर सडकमा ढलान भइसकेको नगरप्रमुख रामऔतार यादवले जानकारी दिनुभयो । स्थानीय तहहरुले सञ्जाल विस्तारसँगै सडक कालोपत्र तथा ढलान गर्ने कार्यलाई प्राथमिकतामा राखेर काम अघि बढाएपछि स्थानीय उत्साहित बनेका छन् ।

विगत वर्षहरुमा अधिकांश सडकमा असार मसान्तमा माटो र ग्राभेल हाल्दै आएका स्थानीय तहहरुले पछिल्लो एक वर्षदेखि कालोपत्रे तथा ढलान कार्यलाई प्राथमिकता दिएकाले छिट्टै नगरक्षेत्रमा विकासीय गतिविधिले तीव्रता लिने लहान नगरपालिका-८ का सन्तोष गुप्ताले बताउनुभयो । यसबाट वर्षेनी माटो र ग्राभेलका नाममा भ्रष्टाचार गर्ने गरेको आरोपबाट समेत जनप्रतिनिधि केही हदसम्म मुक्त हुने उहाँको कथन छ ।

# स्वास्थ्यसम्बन्धी नियमको पालना गर्न राष्ट्रपतिद्वारा आग्रह

काठमाडौँ, ७ साउन (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारले बन्दाबन्दी सरल बनाए पनि स्वास्थ्यसम्बन्धी नियमको पालना गर्न सबैमा आग्रह गर्नुभएको छ ।

बुधबार ट्वीट गर्दै उहाँले कोभिड-१९ बाट बच्न सबैलाई स्वास्थ्यसम्बन्धी नियम पालना गर्न आग्रह गर्नुभएको हो । “जनजीवनलाई सहज पार्न सरकारले बन्दाबन्दी केही सरल गरेको छ । तथापि, कोरोना महामारीको जोखिम टरिसकेको छैन”, उहाँले ट्वीटमा भन्नुभएको छ ।

कोभिड-१९ को सरकारले गत चैत ११ गतेदेखि जारी राखेको बन्दाबन्दी गएराति १२ बजेदेखि हटाएको छ । अहिलेसम्म नेपालमा कोभिड-१९ को सङ्क्रमण १८ हजार ९४ जनामा देखिएको छ भने ४२ जनाको यसबाट मृत्यु भएको छ ।

## विश्व समाचार

# विश्वमा कोरोना भाइरस संक्रमितको संख्या १ करोड ५० लाख नाघ्यो

जेनेभा, ७ साउन (रासस/एएफपी) ।

विश्वमा बुधबारसम्म १ करोड ५० लाख ९९ हजार ८२४ जना व्यक्ति कोरोना भाइरस संक्रमित भएका छन् । कोरोना भाइरस संक्रमणको कारण विश्वभरी ६ लाख १९ हजार ६१४ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले बुधबार जानकारी दिएको छ ।

संक्रमित मध्ये हालसम्म ९१ लाख १६ हजार ६५५ व्यक्ति कोरोना मुक्त भएका छन् । विश्वभरमा ५३ लाख ६३ हजार ५५५ व्यक्ति कोरोना भाइरस संक्रमित रहेका उनीहरुको उपचार भइरहेको छ । संक्रमितहरु मध्ये ६३ हजार ६१४ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४० लाख २८ हजार ७३३ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख ४४ हजार ९५८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा ३३ लाख ७५ हजार ५३ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख २१ हजार ४१५ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा ४७ लाख २२ हजार ३६५ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ९९ हजार ७८३ जनाको मृत्यु भएको छ । युरोपमा २७ लाख २ हजार ९७ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९९ हजार ७४९ को मृत्यु भएको छ । एसिया ३५ लाख ३१ हजार ९७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ८२ हजार ७२३ जनाको मृत्यु भएको छ ।

अफ्रिकामा ७ लाख ५३ हजार९१४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १५ हजार ७७९ जनाको मृत्यु भएको छ । ओसियानामा १४ हजार ५८७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १५० जनाको मृत्यु भएको छ ।

# साउदी राजाद्वारा अस्पतालबाटै मन्त्रिपरिषदको अध्यक्षता

रियाद, ७ साउन (रासस-एएफपी) ।

बिरामी भएर अस्पतालमा उपचार गराइरहनु भएका साउदी अरेबियाका राजा सल्मानले मंगलबार साँझ अस्पतालबाटै भर्चुअल माध्यमबाट मन्त्रिपरिषदको अध्यक्षता गर्नु भएको छ । साउदी प्रेस एजेन्सी (एसपिए) का अनुसार साउदी राजा पित्तथैली सुन्निएपछि गत सोमबार किङ फैजल विशिष्टीकृत अस्पतालमा भर्ना हुनुभएको थियो । राजा सल्मानका लागि अस्पतालमा विशेष कक्षको व्यवस्था पनि गरिएको छ जहाँ भर्चुअल बैठकका लागि आवश्यक विद्युतीय सामग्रीहरुको प्रबन्ध गरिएको छ ।

राजा सल्मानले आफ्नो स्वास्थ्यप्रति सदभाव दर्शाउने सबैप्रति आभार प्रकट गर्नु भएको पनि एसपिएले जनाएको छ । मन्त्रिपरिषद बैठकमा मक्कामा हुने आगामी हज तिर्थयात्राको व्यवस्थापनका बारेमा छलफल भएको थियो । कोरोनाभाइरस महामारीका कारण यस वर्ष हज तिर्थयात्रामा सहभागी हुनेहरुको संख्यामा व्यापक कटौती गरिएको छ ।

साउदी अधिकारीहरुले साउदी अरेबिया निवासी करिब एक हजार व्यक्तिलाई मात्र मक्का प्रवेशको अनुमति दिइने यसअघि प्रस्ताव गरेका थिए । तर हाल यसमा संशोधन गरी करिब १० हजारलाई हजको अनुमति दिइन लागेको साउदी संचार माध्यमहरुले जनाएका छन् । विगतमा विश्वभरबाट हरेक वर्ष करिब २५ लाख व्यक्तिले मक्कामा हज गर्ने गरेका थिए ।

# विश्वमा बालबालिका हेरचाहको अवस्था नाजुक रहेको युनिसेफको भनाई

संयुक्त राष्ट्रसंघ, ७ साउन (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसंघीय बालकोष युनिसेफले विश्वमा बालबालिकाको हेरचाहको अवस्था नाजुक बन्दै गएको बताएको छ । विश्वमा जारी रहेको कोरोना भाइरसको संकटका कारण यस्तो अवस्था रहेको मंगलबार युनिसेफले जनाएको हो । बालबालिकाले प्रारम्भिक शिक्षा लिने र उनीहरुको राम्रो हेरचाह र रेखदेख गर्नुपर्ने अवस्थामा ह्रास आएको युनिसेफको भनाई छ ।

प्राप्त समाचारअनुसार संयुक्त राष्ट्रसंघले नै हालैमात्र विश्वका कम्तीमा पनि ४ करोड बालबालिकाले प्रारम्भिक शिक्षा लिने, विद्यालय जाने र खेल्ने लगायतको वातावरण नपाएको अथवा यस्ता कार्यबाट बालबालिका बञ्चित हुन पुगेका उक्त प्रतिवेदनमा जनाइएको थियो ।

कोभिड १९ का कारण बालबालिकाले खेल्ने र विद्यालय या मन्टेश्वरी जान पनि नपाएकाले गर्दा विश्वमा बालबालिकाको हेरचाहको अवस्थामा पनि ह्रास आएको सो प्रतिवेदनमा जनाइएको थियो ।

बालबालिकाले पाउने यो सेवाका लागि बाल स्याहार केन्द्र या प्राथमिक विद्यालहरु पनि बन्द रहेकोले यस्तो अवस्था आएको युनिसेफले जनाएको हो ।

विश्वका कैयौं देशमा फैलिएको यो महामारीका कारण लकडाउन गर्नु परेकोले उनीहरुका आमाबुबाहरु पनि समस्यामा परेका, कतिपयले आफ्नो रोजगारी पनि गुमाउनु परेकोले गर्दा पनि उनीहरुले आफ्ना नानीबाबुहरुलाई हेरचाह गर्न सक्ने अवस्था नरहेको सो प्रतिवेदनमा उल्लेख गरिएको छ ।

युनिसेफको सो प्रतिवेदनमा मध्य तथा निम्न आय भएका विश्वका ५४ देशका बालबालिका विशेषगरी यस्तो समस्यमा परेका बताइएको छ । ती देशका तीन देखि पाँच वर्षको उमेरका बालबालिका यस्तो समस्यामा परेका मंगलबार युनिसेफले सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ । खासगरी अफ्रिकाका ९० प्रतिशत र एसियाका ७० प्रतिशत महिलाहरु अनौपचारिक क्षेत्रको रोजगारीमा रहेका र उनीहरुले अरु देशका महिलाले भन्दा बढी आफ्ना बालबालिकाको हेरचाह गर्न नपाएका पनि सो समाचारमा जनाइएको छ ।

# प्रदेश नं २: ३ बेपत्ता, ८४५ विस्थापित, दर्जनौँ गाउँ डुबानमा

वीरगञ्ज, ७ साउन (रासस)।

केही दिनयता परेको अविरल वर्षाका कारण प्रदेश नं २ मा तीन जना बेपत्ता भएका छन् भने दुई जनाको उद्धार गरिएको छ। भारी वर्षाबाट प्रदेश नं २ मा ८४५ जना विस्थापित भएको प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ।

बाढीबाट रौतहट जिल्लाको चाँदी नदीमा बगेर चन्द्रपुर नगरपालिका-३ बस्ने ५० वर्षीया सुकमानी थिङ बेपत्ता भएकी छन्। मङ्गलबार बिहान सो खोलामा पौडी खेल्न भएका थिङलाई खोलाले बगाउँदा बेपत्ता भएकी हुन्।

यसैगरी महोत्तरीको रातु नदी पार गर्न खोज्दा भङ्गाहा नगरपालिका - ६ सङ्ग्रामपुरका ३५ वर्षीय वीरेन्द्र कापरलाई बगाएको छ। यसैगरी नाम खुल्न नसकेका सर्लाहीका एक जना पौडी खेल्न गएकामा उनी पनि बेपत्ता छन्।

यस्तै सर्लाहीमा वाग्मती नदीले बगाउँदा दुई जनाको उद्धार गरिएको छ। वाग्मती नगरपालिका-१२ स्थित उक्त नदीको बाढीमा फसेका दुई जनाको उद्धार गरिएको छ। नदीमा दाउरा टिप्न गएका स्थानीयवासी २४ वर्षीय डेटमान गोले र १६ वर्षीय नीरज तितङ खोलाको मध्य भागमा फसेकामा प्रहरीले सकुशल उद्धार गरेको थियो।

अविरल वर्षा र बाढीका कारण प्रदेश २ का विभिन्न जिल्लाका ६९ परिवारका मानिस विस्थापित भएको प्रदेश कार्यालयका प्रवक्ता मकेन्द्र मिश्रले राससलाई बताउनुभयो। अविरल वर्षा र बाढीको कहरबाट मध्य तराईका अधिकांश जिल्लाको जनजीवन अस्तव्यस्त भएको छ। बङ्गरी, दूधौरा खोलामा आएको बाढीले प्रसौनी गाउँपालिका-५ र ६ को करीब ३५० बिघा क्षेत्रफलमा लगाइएको धानबाली कटान गर्दा करोडौँको क्षति भएको छ। पसहा खोलामा आएको बाढीले कलैया उपमहानगरपालिका-२१ को भोडहा र सोनरनिया, खम्बा क्षेत्रमा लगाइएको सय बिघाभन्दा बढी धानबाली नष्ट गरेको छ।

यसैगरी अविरल वर्षाका कारण वीरगञ्ज महानगरपालिका क्षेत्रभित्रको अधिकांश भाग डुबानमा परेपछि जनजीवन प्रभावित भएको छ। बाढी र वर्षाले पश्चिमी पर्साका अधिकांश गाउँपालिकाको एकअर्को गाउँपालिकासँग सम्पर्क बिच्छेद भएको छ। हिलाम्य सडकका कारण मानिस तथा सवारी साधनको आवतजावत प्रभावित भएको छ।

पर्साको सिङ्गाही नदीमा आएको बाढीले पर्सागढी नगरपालिकाको अधिकांश क्षेत्र डुबानमा परेको छ। तीन दिनदेखि परेको वर्षाका कारण पश्चिमी पर्साका दर्जनौँ गाउँ डुबानमा परेको छ।

# सुनको मूल्य प्रतितोला ९४ हजार पुग्यो, कारोवार शून्य

काठमाडौँ, ७ साउन (रासस)।

नेपाली बजारमा बुधबार एकै दिन सुनको मूल्य प्रतितोला रु एक हजार ३०० ले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मूल्य प्रतितोला रु ९४ हजार र तेजाबी सुनको मूल्य प्रतितोला रु ९३ हजार ५६० पुगेको छ।

मङ्गलबार छापावाला सुन प्रतितोला रु ९२ हजार ७०० र तेजाबी सुन प्रतितोला रु ९२ हजार २६० मा खरिदबिक्री भएको थियो। यस्तै चाँदीको मूल्य पनि प्रतितोला रु ९५ ले बढेर एक हजार १३५ पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेकाले स्थानीय बजारमा पनि त्यसको प्रभाव देखिएको महासङ्घका अध्यक्ष मोहनकुमार सुनारले बताउनुभयो। अन्तर्राष्ट्रिय बजारमा बुधबार सुनको मूल्य प्रतिऔँस एक हजार ८६८.४५ डलर पुगेको छ। अध्यक्ष सुनारले अन्य क्षेत्रको तुलनामा सुनप्रति लगानीकर्ताको आकर्षण देखिँदा पनि सुनको मूल्य बढेको बताउनुभयो।

दैनिक सुनको मूल्य निरन्तर वृद्धि हुँदै गएपछि कारोवार शून्यमा झरेको महासङ्घले जनाएको छ। "नेपाली बजारमा मुख्यत कोरोनाको असरका कारण कारोवार शून्य भएको हो", उहाँले भन्नुभयो। देशभरका सुनचाँदी व्यवसायीले सुनको कारोवार ठप्प भएको आफूलाई जानकारी गराएको उहाँले बताउनुभयो।

# दुई नदीमा पाँच शव फेला

चितवन, ७ साउन।

जिल्लामा रहेका दुई ठूला नदीमा बुधबार पाँच जनाको शव फेला परेको छ। जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार नारायणी नदीमा चार जनाको र राप्ती नदीमा एक जनाको शव फेला परेको हो।

वर्षा रोकिएर नदीको बहाव घटेसँगै किनारमा तैरिएको अवस्थामा शव भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार भरतपुर महानगरपालिका-१ ठिमुरामा दुई जनाको बेवारिसे शव फेला परेको छ। तीमध्ये एक जना अन्दाजी १५ वर्षीया बालिका र अर्का ५५ वर्षीय एक पुरुष रहेको छ। ती शव सडेको अवस्थामा फेला परेका हुन्।

त्यस्तै भरतपुर महानगरपालिका-१६ का ४० वर्षीय सानो कान्छा भन्ने कर्णबहादुर सुनारको शव बुधबार फेला परेको छ। मंगलबारदेखि उनी बेपत्ता भएका थिए। उनको वडा नम्बर १६ कै झनझने भन्ने ठाउँमा शव भेटिएको हो।

भरतपुरकै वडा नम्बर १ गैँडाचोकस्थित नारायणी किनारमा अन्दाजी ५० वर्षीया एक महिलाको शव फेला परेको छ। त्यस्तै पूर्वी चितवनको खैरहनी नगरपालिको बूढी राप्ती खोलामा बगाएर ल्याएको अन्दाजी ५० वर्षीय पुरुषको शव भेटिएको उहाँले जानकारी दिनुभयो। बग्दै गरेको शव देखिए पछि स्थानीयवासीको सहयोगमा प्रहरीले नदी बाहिर निकालेका थिए। एक जनाबाहेक अन्यको सनाखत हुन सकेको छैन।

विभिन्न ठाउँमा बगाएको वा पुरेको ठाउँबाट बाढीले शव बाहिर ल्याएको हुनसक्ने अनुमान गरिएको छ। मुचुल्का गरेर शव परीक्षणका लागि भरतपुर अस्पताल ल्याइएको प्रवक्ता थापाले जानकारी दिनुभयो।

### स्वास्थ्यकर्मीदेखी ...

डा. रन्जित झाले जानकारी दिए।

नगरमा दिनहुँ संक्रमितको संख्या बढ्दै गएपछि राजविराज नगरपालिकाले बुधबारदेखी नगर क्षेत्रभित्र पूर्ण लकडाउनको घोषणा गरि सोको पालना गर्न एक सूचनामार्फत आग्रह गरेको छ। नगर प्रमुख शम्भुप्रसाद यादवले नगर क्षेत्रमा दैनिक कोरोना संक्रमितको संख्या बढ्दै गएकाले अनिश्चितकालका लागि पूर्ण लकडाउनको निर्णय गरिएको बताए।

उनले समुदायस्तरमा कोरोना भाइरस संक्रमणको उच्च जोखीम देखिएको बताउँदै सबैलाई सचेत र उच्च सतर्कता अपनाउन सूचना मार्फत अपील समेत गरेका छन्।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*